annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १३९, पृष्ठ ८ | काठमाडौं, मंगलबार ३१ भदौ २०८२ | आश्विन कृष्णपक्ष दशमी, नेपाल संवत् ११४२ | TUESDAY, SEPTEMBER 16, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# न बाँच्यो सिंह, न रह्यो दरबार



देशको शासन, प्रशासनको मुटु हो सिंहदरबार। पहिलाजस्तो अहिले न सिंहदरबार रह्यो न देशको राष्ट्रिय राजनीति नै। सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतजस्ता महत्वपूर्ण स्थानहरू मंगलबारको आगलागीले ध्वस्त भए। जेन-जी आन्दोलनको आडमा अपराधी जत्थाले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको संरचना सिद्धाए। सिंहदरबारबाट कार्यपालिका हाँकिन्छ। यहाँ रहेका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालयहरू र सरकारी कार्यालयका भवन जलेर खरानी भए। सवारीसाधन सखाप भएका छन्। सत्ता र प्रशासनको मुटु सिंहदरबार जलिरह्यो। शासन सत्ता चलाउन चुनौती थपियो।

समाचार पृष्ठ २

राजकरण महतो | *काठमाडौं*

– को रिपोर्ट



तस्बिर : राजकरण महतो

# प्रधानमन्त्री कार्कीका ३ सारथी



रामेश्वर खनाल



ओमप्रकाश अर्याल



कुलमान घिसिङ

सुरेन्द्र काफ्ले | *काठमाडौं*

प्रधानमन्त्री सुशीला कार्कीले ३ सदस्यीय मन्त्रिपरिषद् विस्तार गरेकी छन्। दोस्रो वरीयताक्रमसहित शक्तिशाली अर्थ मन्त्रालयको जिम्मेवारी पूर्वअर्थसचिव रामेश्वर खनाललाई दिइएको छ। ऊर्जा, भौतिक र सहरी विकासमन्त्री बनेका छन्, कुलमानसिंह घिसिङ। सबैभन्दा प्रभावशाली मन्त्रालय गृहको जिम्मा अधिवक्ता ओमप्रकाश अर्यालले पाएका छन्।

अर्थमन्त्री खनाल अर्थविद्का रूपमा परिचित छन्। खनालको संयोजकत्वमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गरिएको थियो। खनाल नेतृत्वको आयोगले अर्थतन्त्र सुधारका लागि विस्तृत अध्ययन गरी तयार गरेको प्रतिवेदन तत्कालीन सरकारलाई दिइसकेको छ।

यही प्रतिवेदनलाई कार्यान्वयन गर्दै सरकार अघि बढ्ने पदभार ग्रहणपछि अर्थमन्त्री खनालले बताएका छन्। खनालले भरतमोहन अधिकारी अर्थमन्त्री भएका बेला बजेट निर्माणको काम मन्त्रालय बाहिर भएको भन्दै अर्थसचिवको पदबाट राजीनामा दिएका थिए।

घिसिङलाई ऊर्जाका साथै भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्रीको जिम्मेवारी दिइएको छ। घिसिङ नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक पनि हुन्। उनको कार्यकालमा १८ घण्टा लोडसेडिङ अन्त्य भएको थियो। उनी उज्यालोका नायकका रूपमा पनि चिनिन्छन्। घिसिङ २०७३ भदौ २९ र २०७८ साउन २७ मा गरी दुईपटक प्राधिकरणका कार्यकारी निर्देशक बने। उनलाई तत्कालीन केपी शर्मा ओली सरकारले दुवै पटक हटाएको थियो। तत्कालीन सरकारले उनलाई हटाएको जनस्तरमा व्यापक विरोध र आलोचनासमेत भयो। पछिल्लो समयमा लोडसेडिङ अन्त्यका साथै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र ऊर्जामन्त्री दीपक खड्कासँगको विवादले उनी थप लोकप्रिय भएका हुन्।

त्यसैगरी, गृहमन्त्री अर्याललाई कानुन, न्याय तथा संसदीय मामिलाको जिम्मेवारी पनि दिइएको छ। उनले काठमाडौं महानगरपालिका मेयर बालेन्द्र (बालेन) साहका कानुनी सल्लाहकार भएर काम गरिसकेका हुन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तमा लोकमानसिंह कार्कीको नियुक्तिविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। जसले उनको चर्चा बढेको थियो। त्यहीबाट उनी लोकप्रिय हुँदै आए। उनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको प्रतिनिधिसभा विघटनविरुद्ध पनि रिट दायर गरेका थिए। गुल्मी स्थायी घर भएका अर्यालले झापाको गिरिबन्धु स्टेटलगायत बहुचर्चित मुद्दामा रिट दायर गरेर चर्चा कमाएका छन्। उनले जनहितका विभिन्न मुद्दा उठाएर कानुनी लडाइँ लड्दै आएका छन्। आफ्ना यी तीन सारथीलाई प्रधानमन्त्री कार्कीले सोमबार पद तथा गोपनीयताको शपथग्रहण गराएकी छन्। मन्त्रिपरिषद् थप विस्तार हुन बाँकी।

» बाँकी पृष्ठ ६

# जेन–जी आन्दोलनविरुद्ध ज्यादती छानबिन गर्न समिति

- आन्दोलनमा मारिएकालाई सहिद घोषणा
- असोज १ मा शोक दिवस मनाइने

**काठमाडौं** (अन्नपूर्ण) : जेन-जी आन्दोलनमा भएको क्षति र ज्यादतीको छानबिन गर्न उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग बनाउने निर्णय सरकारले गरेको छ। मन्त्रिपरिषद्को गठनपछि बसेको पहिलो बैठकले आन्दोलनका क्रममा भएको ज्यादती, लुटपाट, आगजनी, तोडफोडको विषयमा छानबिन गर्न न्यायिक जाँचबुझ आयोग गठन गर्ने निर्णय गरेको हो। जेन-जी आन्दोलनका क्रममा मारिएकाहरूलाई सहिद घोषणा गर्ने निर्णय गरिएको गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए। उनीहरूको राष्ट्रिय सम्मानसहित अन्त्येष्टि गरिने भएको छ।

प्रधानमन्त्री सुशीला कार्कीले पदभार ग्रहण गर्ने क्रममा नै आन्दोलनमा मारिएकाहरूलाई सहिद घोषणा गर्ने बताएकी थिइन्। सरकारले असोज १ गते राष्ट्रिय शोक दिवस मनाउने र राष्ट्रिय झन्डा झुकाइने निर्णय पनि गरेको छ।

सरकारले आन्दोलनका मारिएकाहरूका प्रतिपरिवारलाई १५ लाखको दरले रकम उपलब्ध गराउने निर्णय पनि गरेको छ। आन्दोलनमा मारिएकाहरूको प्रतिपरिवारलाई १०/१० लाखको दरले क्षतिपूर्ति र अन्य खर्चबापत ५/५ लाख उपलब्ध गराउने भएको हो।

» बाँकी पृष्ठ ६

# थुप्रियो विदेशी विनिमय सञ्चिति

## साउनमा मात्रै १ खर्ब ७७ अर्ब ४१ करोडको रेमिटचान्स

ममता थापा | *काठमाडौं*

समग्रमा नेपालको अर्थतन्त्र बाह्य सूचकमा बलियो देखिए पनि आन्तरिक रूपमा निष्क्रिय, सरकारी काममा सुस्त र विकास निर्माणमा अपेक्षित प्रगति हुन नसकेको चित्रण गरेको छ। नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ पहिलो महिनाको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिले यस्तो चित्रण गरेको हो।

वैदेशिक रोजगारमा गएकाले पठाउने विप्रेषणको आकार बढिरहनु, मुलुकबाट बाहिरिनेभन्दा भित्रिने विदेशी विनिमय मुद्राको आकार बढ्दा शोधनान्तर निरन्तर बचतमा हुँदा विदेशी मुद्रा सञ्चितिको आकार चुलिएको छ। असार मसान्तमा २६ खर्ब ७७ अर्ब ६८ करोडबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ४.८ प्रतिशतले वृद्धि भई साउनमा २८ खर्ब ६ अर्ब ४ करोड रुपैयाँ पुगेको छ।

अमेरिकी डलरमा यस्तो सञ्चिति २० अर्ब ३ करोड पुगेको छ। उक्त कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा २५ खर्ब ११ अर्ब ४५ करोड र बैंक तथा वित्तीय संस्थासँग २ खर्ब ९४ अर्ब ५८ करोड रुपैयाँ छ। उक्त कुल सञ्चितिमा २३.४ प्रतिशत भारतीय मुद्रा छ।

यसरी सञ्चिति पर्याप्तता अधिक हुँदा मुलुकले धान्ने वस्तु तथा सेवाको आयात धान्न सक्ने क्षमता पनि अत्यधिक बढ्दो छ। कुनै समय सञ्चिति कम हुँदा ४-५ महिनाको आयात धान्न सक्ने स्थितिमा पुगेको मुलुक अहिले भने १६.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिएको छ।

केन्द्रीय बैंकका अनुसार आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २०.४ महिनाको वस्तु आयात र १६.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। नेपालको कुल सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४५.९ प्रतिशत, १३८.३ प्रतिशत र ३६ प्रतिशत छन्। यस्तो रफ्तारले सञ्चिति थुप्रिनु पनि मुलुकको विकास हुन नसकेको संज्ञा भएको बताउँछन्, नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा। सञ्चिति वृद्धिको विरोधाभास देखिन्छ। किनभने पूर्वकार्यकारी निर्देशक थापा विदेशी विनिमय सञ्चिति आकासिनुलाई अर्थतन्त्रले राम्रो काम नगरेको संकेतका रूपमा व्याख्या गर्छन्। उनी भन्छन्, 'यसरी सञ्चिति थुप्रिरहनु देशलाई नोक्सानी हो। यो मूर्खता हो, यो अकर्मण्यता हो। पर्याप्त विदेशी मुद्रा भए पनि विकास निर्माणमा उपयोग नभएकाले सञ्चिति थुप्रिएको हो।' यससँगै, उनले बाह्य क्षेत्र बलियो देखिए पनि आन्तरिक अर्थतन्त्र भने चुनौतीको घेरामा रहेको बताए।



तथ्यांकले कम सरकारी खर्चसँगै राजस्व संकलनमा पनि खासै वृद्धि हुन नसकेको उनले टिप्पणी गरे। एक महिनामा सरकारले विकास खर्च जम्मा ४६ अर्ब मात्र भएको र राजस्व ८४ अर्ब ४७ करोड मात्र उठेको छ। वार्षिक १५ खर्बको लक्ष्य पूरा गर्न मासिक १ सय २० अर्ब राजस्व उठ्नुपर्नेमा त्यो हुन नसकेकोमा उनले चिन्ता व्यक्त गरे।

**आन्तरिक अर्थतन्त्रमा चुनौती, सरकारी निष्क्रियता**

बाह्य क्षेत्रका केही सकारात्मक सूचक देखिए पनि समग्रमा देशको आर्थिक गतिविधि सुस्त रहेको र विकास निर्माणका काममा गति नआएकोमा चिन्ता व्यक्त गरिएको छ। राष्ट्रिय बैंकको तथ्यांकअनुसार बाह्य क्षेत्र सबल देखिएको छ। चालु खाता ७८ अर्ब १४ करोडले बचतमा र शोधनान्तर ९९ अर्ब ३० करोडले बचतमा रहेको छ।

विप्रेषण आप्रवाह २९ प्रतिशतले वृद्धि भई साउन महिनामा १ खर्ब ७७ अर्ब ४१ करोड पुगेको छ। अमेरिकी डलरमा विप्रेषण आप्रवाह २५ प्रतिशतले वृद्धि भई १ अर्ब २७ करोड पुगेको छ। यस अवधिसम्म कुल वस्तु निर्यात ९५.७ प्रतिशतले वृद्धि भई २३ अर्ब ९३ करोड पुगेको छ।। यस्तै, कुल वस्तु आयात ११.४ प्रतिशतले वृद्धि भई १४३ अर्ब ४ करोड पुगेको छ। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ७.५ प्रतिशत, १४.१ प्रतिशत र २०.५ प्रतिशतले वृद्धि भएको छ।

वस्तुगत आधारमा भटमासको कच्चा तेल, यातायातका उपकरण, सवारीसाधन तथा स्पेयर पार्टस्, चामल/धान, कोइला, रासायनिक मललगायत वस्तुको आयात बढेको छ भने हट रोल्ड सिट इन क्वाइल, खाने तेल, पेट्रोलियम पदार्थ, अन्य मेसिनरी तथा पार्टस्, तेलहनलगायत वस्तुको आयात घटेको छ।

यता खुद पुँजीगत ट्रान्सफर १ अर्ब ४ करोड रुपैयाँ छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २२ करोड रहेको थियो। यसैबीच ६९ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) ८० करोड रुपैयाँ रहेको थियो।

» बाँकी पृष्ठ ६